# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

### (प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

**प्रदेश निजामती सेवा र स्थानीय सेवाको स्वास्थ्य सेवाका विभिन्न समूह तथा उपसमूहका आठौं तहका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

सूचना नं. १३७।२०८१-०८२ प्रकाशित मिति:-२०८१।०७।२७

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकाले देहायबमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनु पर्नेछ। प्रदेश निजामती सेवा र स्थानीय सेवाका खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकीकृत रुपमा एकै मिति र समयमा सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| क्र.स. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पदपूर्ति किसिम/ समूह | पद सङ्ख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ५०१/२०८१-०८२ | मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स. | प्रदेश निजामती | खुला | १३ | २०८१/१०/०५ बिहान ८:०० बजे | २०८१/१०/०५ दिउँसो १:०० बजे |
| | | | स्थानीय | | ४ | | |
| २. | ५०२/२०८१-०८२ | | प्रदेश निजामती | खस आर्य | ३ | | |
| | | | स्थानीय | | १ | | |
| ३. | ५०३/२०८१-०८२ | | प्रदेश निजामती | खस आर्य महिला | २ | | |
| ४. | ५०४/२०८१-०८२ | | प्रदेश निजामती | दलित | २ | | |
| | | | स्थानीय | | १ | | |
| ५. | ५०५/२०८१-०८२ | | प्रदेश निजामती | दलित महिला | १ | | |
| ६. | ५०६/२०८१-०८२ | | प्रदेश निजामती | आ.ज. | १ | | |
| | | | स्थानीय | | १ | | |
| ७. | ५०७/२०८१-०८२ | | प्रदेश निजामती | पि.क्षे. | १ | | |
| ८. | ५०८/२०८१-०८२ | | प्रदेश निजामती | अपाङ्ग | १ | | |
| ९. | ५०९/२०८१-०८२ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | प्रदेश निजामती | खुला | १ | २०८१/१०/१२ बिहान ८:०० बजे | २०८१/१०/१२ दिउँसो १:०० बजे |
| १०. | ५१०/२०८१-०८२ | | प्रदेश निजामती | खस आर्य | १ | | |
| ११. | ५११/२०८१-०८२ | डेण्टल सर्जन, स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेण्टल | प्रदेश निजामती | खुला | १ | २०८१/१०/१६ बिहान ८:०० बजे | २०८१/१०/१६ दिउँसो १:०० बजे |

**परीक्षाको किसिमः–** लिखित, सामूहिक परीक्षण र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम भाषा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ)।

**परीक्षा केन्द्रः–** वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश।

**दरखास्त दस्तुरः–** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १०००।- (एक हजार रुपैया) बुझाउनु पर्नेछ। समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर रु. ४००।– बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः–** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवाहरूले तोकिएको wallet हरूको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनोट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधिभित्र बुझाइ सक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः–** अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**दरखास्तको माध्यमः–** विज्ञापित पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन प्रणाली मार्फत् दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः–** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण रुपमा जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः–** २०८१।०८।१७ सम्म र दोब्बर दस्तुर तिरी २०८१।०८।२४ सम्म।

**उम्मेदवारको उमेरको हदः–** २०८१।०८।१७ सम्म २१ वर्ष उमेर पूरा भइ ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (६) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (७) बमोजिमका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ प्रारम्भ हुँदाका बखत अविछिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई उम्मेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदाका बखत सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः–** सेवा, समूह उपसमूह सम्बन्धी।

**तलब, सेवा सर्त तथा सुविधाः–** प्रचलित कानुन बमोजिम।

## खुला तथा समावेशी समूहको लागि आवश्यक न्यूनतम योग्यता

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारले दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भइ म्याद कायम रहेको हुनु पर्नेछ।

१. **मेडिकल अधिकृत, स्वास्थ्य, ज.हे.स.:** मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त।
२. **आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद:** मान्यताप्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा स्नातक उपाधि प्राप्त।
३. **डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, जनरल डेण्टल:** मान्यताप्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त।

## खुला तथा समावेशी परीक्षाको लागि सूचना

१. खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै समूह उपसमूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
२. लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले सामूहिक परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि कार्यालयको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नु पर्नेछ। सामूहिक परीक्षणमा अनुपस्थित भएका उम्मेदवारहरूलाई अन्तर्वार्तामा समावेश गराइने छैन।
३. समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ। एउटै व्यक्तिले एक भन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले त्यस्ता समूहहरूमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्रै प्रतिस्पर्धा गर्न पाउनेछ।
४. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट सामूहिक परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। सामूहिक परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
५. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको कार्यालयको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट सामूहिक परीक्षण तथा अन्तर्वार्ताको लागि छनोट भएपछि सामूहिक परीक्षण तथा अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्तसाथ पेस नभएको पाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ।

(क) खस आर्यको हकमाः राष्ट्रिय समावेशी आयोगबाट खस आर्यमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

(ख) दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट दलित वर्गमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

(ग) आदिवासी जनजातिको हकमाः नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट आदिवासी जनजातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

(घ) पिछडिएको क्षेत्रको हकमाः कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ११ को उपनियम (१) बमोजिमका स्थानीय तहमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नेपाली नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा बसोबास गरेको भन्ने बेहोरा खुलेको प्रमाणित कागजात,

(ङ) अपाङ्गता भएका व्यक्तिको हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

<u>द्रष्टव्यः-</u>

(क) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्। तर स्थानीय स्वास्थ्य सेवाको समान तहको पदमा तोकिएबमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पर्धा गर्न बाधा पुग्ने छैन।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (१) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (१) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा अधिकृतस्तर वा सहायकस्तरको पदमा एक पटक मात्र लिन पाउनेछ।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

(छ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(झ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट **<u>https://ppsc.karnali.gov.np/course</u>** बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीका लागि**

**सम्पर्क नम्बरः** ०८३-५९०३०० र ०८३-५९०३०६

**Website:** ppsc.karnali.gov.np **Email:** ppsckarnali@gmail.com/info.ppsc@karnali.gov.np

## प्रदेश निजामती सेवा र स्थानीय सेवाको स्वास्थ्य सेवाका विभिन्न समूह र उपसमूहका आठौं तहका पदहरुको खुला तथा समावेशी समूहको लागि प्रकाशित विज्ञापनको विस्तृत विवरण

| क्र.स. | वि.नं. | किसिम | पद | तह | सेवा, समूह, उपसमूह | जम्मा पद सङ्ख्या | रिक्त निकाय/स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|
| १. | ५०१/२०८१-०८२ | खुला | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य,ज.हे.स. | १७ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | १३ |
| | | | | | | | चौरजहारी नगरपालिका, रुकुम-पश्चिम वा अन्तर्गत | १ |
| | | | | | | | खत्याड गाउँपालिका, मुगु वा अन्तर्गत | १ |
| | | | | | | | लेकवेशी नगरपालिका, सुर्खेत वा अन्तर्गत | १ |
| | | | | | | | नलगाँड नगरपालिका, जाजरकोट वा अन्तर्गत | १ |
| २. | ५०२/२०८१-०८२ | खस आर्य | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य,ज.हे.स. | ४ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | ३ |
| | | | | | | | नौमूले गाउँपालिका, दैलेख वा अन्तर्गत | १ |
| ३. | ५०३/२०८१-०८२ | खस आर्य महिला | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य,ज.हे.स. | २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | २ |
| ४. | ५०४/२०८१-०८२ | दलित | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य,ज.हे.स. | ३ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | २ |
| | | | | | | | छत्रेश्वरी गाउँपालिका, सल्यान वा अन्तर्गत | १ |
| ५. | ५०५/२०८१-०८२ | दलित महिला | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य,ज.हे.स. | १ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | १ |
| ६. | ५०६/२०८१-०८२ | आ.ज. | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य,ज.हे.स. | २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | १ |
| | | | | | | | जुनिचाँदे गाउँपालिका, जाजरकोट वा अन्तर्गत | १ |
| ७. | ५०७/२०८१-०८२ | पि.क्षे. | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य,ज.हे.स. | १ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | १ |
| ८. | ५०८/२०८१-०८२ | अपाङ्ग | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य,ज.हे.स. | १ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | १ |
| ९. | ५०९/२०८१-०८२ | खुला | आयुर्वेद चिकित्सक | आठौं | स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | १ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | १ |
| १०. | ५१०/२०८१-०८२ | खस आर्य | आयुर्वेद चिकित्सक | आठौं | स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | १ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | १ |
| ११. | ५११/२०८१-०८२ | खुला | डेण्टल सर्जन | आठौं | स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेण्टल | १ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत | १ |